# १७ औं गाउँ सभाको बैठकमा
# अध्यक्ष श्री यामनाथ दनैद्वारा प्रस्तुत
# ज्वालामूखी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

**ज्वालामूखी गाउँपालिका**

**साँधभञ्ज्याङ, धादिङ**

**६ असार २०८३**

CamScanner

# १७ औँ गाउँसभाको बैठकमा
# अध्यक्ष श्री यामनाथ दनैद्वारा प्रस्तुत
# ज्वालामूखी गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को
# नीति तथा कार्यक्रम

ज्वालामूखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँधभन्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

ज्वालामूखी गाउँपालिका
साँधभन्ज्याङ, धादिङ
६ असार २०८३

यामनाथ दनै
अध्यक्ष

## ज्वालामूखी गाउँपालिका, धादिङ

## आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र वजेट

### शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार; समृद्ध ज्वालामूखीको मूल-आधार

"स्वच्छ, स्वस्थ, समृद्ध र आत्मनिर्भर ज्वालामूखी: उत्पादन, सुशासन र दिगो विकास हाम्रो प्रतिबद्धता"

आदरणीय गाउँसभा सदस्यज्यूहरू,

यस ज्वालामूखी गाउँपालिकाको गरिमामय गाउँसभा (सत्रौं अधिवेशन) मा उपस्थित गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँसभा सचिव ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरु साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमा उच्च बनाउन पाल्नु हुने सबै पेशा, वर्ग, सेवा र समूहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिकाको जन निर्वाचित अध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवम् आभार व्यक्त गर्न चाहन्छु।

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य, २०३०, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम तथा ज्वालामूखी गाउँपालिकाको दीर्घकालीन विकास लक्ष्यलाई आत्मसात् गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रम यस सम्मानीत गाउँसभा समक्ष पेश गर्दछु।

यस अवसरमा सर्वप्रथम म राष्ट्रको गौरव, राष्ट्रिय एकता र अखण्डताका लागि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा समग्र मुलुकको शान्ती,



यमनाथ दनै
अध्यक्ष

CamScanner

प्रगती र उन्नतीका लागि विभिन्न कालखण्डमा देशमा भएका क्रान्ती, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने महान् शहिदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै वेपत्ता, घाईते, अपाङ्गता भएका एवम् विभिन्न आन्दोलनमा नेतृत्व गर्नुहुने सबै प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

उपलब्ध स्रोत साधनको प्रभावकारी उपयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामूहिक ईच्छा शक्तिका साथ अघि बढेमा हामीले कल्पना गरेको समृद्ध ज्वालामूखी निर्माण गर्न सुदुर भविष्य पर्खनु पर्नेछैन । हामी सबै जानकार नै छौं, हाम्रा चाहना र आवश्यकताहरु असीमित छन, तर स्रोत र साधन सिमित छ। सीमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समुदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक हित र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको प्रमुख आवश्यकता र यथार्थ हो ।

गाउँसभाका सदस्य ज्यूहरु,

अब म यस सम्मानीत सभामा चालु आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा रहेकोले यसै आर्थिक वर्ष २०८३।८४ भित्र नयाँ सुविधा सम्पन्न भवनवाट सेवा प्रवाह गर्ने लक्ष्य लिईएको छ।

यामनाथ दनै
अध्यक्ष

CamScanner

- गाउँपालिकाको विधायन समितिको सिफारिसमा चालू आ.व. मा ७ वटा ऐन, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण भइ कार्यान्वयनमा आएको छ ।

- कृषि विकास कार्यक्रम अन्तर्गत खरी पिडालु प्रवर्द्धन कार्यक्रम, (ज्वालामुखी-५), मौरीपालन प्रवर्द्धन कार्यक्रम, (ज्वालामुखी-६), कृषि व्यावसाय प्रवर्द्धन कार्यक्रम, (ज्वालामुखी-७), कफि खेती प्रवर्धन कार्यक्रम, जैविक रसादी तथा आ.ई.पी.एम् अवधारणाका सामाग्रीहरू वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।

- पशुपंक्षीहरुको लागि निशुल्क औषधी वितरण तथा परामर्श सेवा कार्यक्रम संचालनका साथै कृत्तिम गर्भाधान कार्यक्रम संचालन भइरहेको छ ।

- पशु सेवा कार्यक्रम अन्तर्गत लम्पी स्किन डिजिज र पी.पी. आर खोप कार्यक्रम, दलित तथा सिमान्तकृत समुदायको लागि गाई/भैंसीं थलो सुधार कार्यक्रम, नँया बंगुर पकेट विकास कार्यक्रम, उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रम संचालन गरिएको छ।

- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको स्थलगत रुपमा गाउँ शिक्षा समिति मार्फत अनुगमन गरि विद्यालयको गुणस्तर तथा शैक्षिक सुधारका लागि ग्रेडडाउन, दरवन्दी मिलान, र शिक्षक समायोजन गरिएको छ।

- दलित, अपाङ्गता भएका र आर्थिक रुपमा विपन्न समूदायका छात्रछात्राका लागि छात्रवृति प्रदान गरिने र कक्षा ११–१२ अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुको लागि पुर्ण छात्रवृत्ति प्रदान गरिएको छ ।

यामनाथ दनै
अध्यक्ष

- ६२ जना शिक्षकको क्षमता विकास गरी पाठ्यक्रमले तोकेका अपेक्षित सिकाइ उपलब्धी प्राप्तिमा सहयोग प्राप्तिका लागि एकीकृत पाठ्यक्रम कस्टमाइज्ड तालिम र सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।
- अघिल्लो शैक्षिक सत्रमा कक्षा १० र १२ मा सवै विद्यार्थीहरुलाई वर्गीकृत गराउने ७५ जना शिक्षकहरुलाई सम्मान गरिएको छ ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाइ पोषणयुक्त खाजा खुवाउन विद्यालयलाई उत्प्रेरित गरी जंक फुडको प्रयोग निषेध कार्यक्रम संचालन भएको छ ।साथै विद्यालयहरु, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा कार्यरत ५२ जना सहयोगी कर्मचारीहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन तालिम संचालन भएको छ ।
- कृषि तथा पशुपन्छी व्यावसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत कफिको बीउ बिरुवा तथा उत्पादन सामाग्री वितरण र कृषकको क्षमता अभिबृद्धि को लागि तालिम सञ्चालन गरि कफिको बिरुवा उत्पादन गर्ने कार्यक्रम सम्पन्न गरिएको छ ।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम अन्तर्गत पहिलो चरणको तथ्यांक संकलन कार्य ४९२ घरधुरी (वडा नम्बर २,४,६) मा सम्पन्न गरिएको छ ।
- खेलकुद कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता, तथा अन्य अवसरहरुमा नियमित खेलकुद प्रतियोगिता समेत सम्पन्न भएको छ । खेलकुद प्रशिक्षकवाट विद्यालयहरुमा खेलकुदको प्रशिक्षण कार्यक्रमहरु संचालन भइरहेका छन् ।

- जिल्ला स्तरीय न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन- MSS-Minimum Service Standard बमोजिम ज्वालामूखी गाउँपालिका वडा नं. ४ अवस्थित ढोला स्वास्थ्य चौकीले एक जिल्ला एक उत्कृष्ट नमूना स्वास्थ्य संस्थाको पहिचान कायम राखेको मापदण्ड बमोजिम स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधार गरि सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाइएको छ ।
- बागमती प्रदेशको पहिलो घरमा सुत्केरी शून्य (पूर्ण संस्थागत सुत्केरी) हुने गाउँपालिका घोषणा गत वर्ष घोषणा गरिएकोमा सो को सुनिश्चितता तथा दीगोपना प्रमाणीकरण यहि मिति २०८३ जेठ २८ गते गरिएको छ ।
- मिति २०८३ जेठ २८ गते ज्वालामूखी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दीगोपना प्रमाणीकरण गरिएको छ ।
- गुणस्तरिय र सुरक्षित खानेपानीको प्रत्याभुती गर्नको लागि वास व्यवस्थापन वोर्डले खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला संचालनमा आएको छ ।
- "मिशन दुईहजार बयासी, सफा र स्वच्छ क्षेत्र ज्वालामूखी" भन्ने नाराका साथ पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ बमोजिम ५ वटा व्यवहारहरु र १५ वटा सूचकहरु पूरा गरेको आधारमा गाउँपालिकाको ६०७९ घरधुरीलाई देशकै पहिलो नमुना सफा र स्वच्छ गाउँपालिका घोषणा २०८२ चैत्र २९ गते सम्पन्न भएको छ।
- गाउँपालिकाको गौरवको आयोजना बुढिगण्डको मैदीकोट बृहत् खानेपानी आयोजनाको करिब ६० प्रतिशत कार्य सम्पन्न भएको छ । गाउँपालिकाका ८७.२३ प्रतिशत घरधुरीमा एक घर एक धारा संचालन गरि सुरक्षित खानेपानीको पहुँच सुनिश्चत गरिएको छ ।



यामनाथ ढुंगेल
अध्यक्ष

- WASH-वास कार्यक्रमलाई व्यवस्थित गर्न नमूना ज्वालामूखी ग्रामीण वास व्यवस्थापन वोर्डको स्थापना तथा संचालन गरि ४९ वटा खानेपानी आयोजनाका ३३०५ घरधुरी (५४.३६ प्रतिशत) लाई प्रविधियुक्त, गुणस्तरीय र नियमित मर्मत संभार कार्य सहज र दीगो बनाइ सेवा प्रदान गरिएको छ । साथै वितरण प्रणालिको वैज्ञानिक व्यवस्थापन गरि सेवालाई डिजिटलाइज्ड गरिएको छ ।
- वासको दीगोपनाका लागि अटोमेशन सहित प्रविधियुक्त सेवा संचालन गरिएको छ । विकास साझेदार संस्थाहरुसँगको सहयोग, समन्वय र सहकार्यमा वास कार्यक्रमलाई सघन रुपमा संचालन गरि पूर्ण सरसफाइ उन्मुख क्षेत्रको रुपमा विकास गरिदै लगिएको छ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)मा समतामूलक वितरण प्रणाली, खानेपानीको श्रोत संरक्षण गर्ने कार्यलाई तीव्रता दिइनेछ । पानीको दिर्घकालिन उपभोगका लागि रिचार्ज र पुनर्भरणका लागि हाइड्रोजियोलोजिकल अध्ययन गरि प्रतिवेदनको आधारमा ३ वटा रिचार्ज पोखरी निर्माण गरिएको छ ।
- वासका अभ्यासहरुलाई व्यवस्थित गर्न डाटा बेश तयार गरिएको छ। अभ्यासको दिगोपनाका लागि सामुदायिक स्वास्थ्य सहजकर्ता, आमासमूहहरु, टोल विकास संस्थाहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन गरिएको छ ।
- ११ वटा माध्यामिक विद्यालयहरुमा विद्यालय आँखा स्वास्थ्य कार्यक्रम संचालन गरि १६८१ जना विद्यार्थिहरुको आँखा जाँच गरियो ।१३२ जना विद्यार्थिहरुमा दृष्टिदोष पत्ता लगाई उपचार सेवा प्रदान गरियो ।

यामनाथ दनै
अध्यक्ष



CamScanner

- ज्वालामूखी गाउँपालिकामा रहेको सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा मोतियाविन्दु छनौट आँखा शिविर संचालन गरियो जस्मा १०४५ जना सेवाग्राहिहरुले सेवा प्रदान गरि ९९ जनामा मोतियाविन्दु पहिचान गरि निःशुल्क शल्यक्रियाको लागि प्रेषण गरियो ।

- चालू आ.व. मा हुलाक भञ्याङ-चैनपुर- बुङ्कोटघाट- बाङ्गेरह सडक, साधभञ्ज्या- खरी- बुङ्कोटघाट सडक खण्ड, मैदीभञ्याङ-अमराई- दरबुङघाट सडक कालोपत्रे गर्ने कार्य निरन्तर भईरहेको छ । साथै साधभञ्ज्याङ- ढोला- मैदी- सडक कालोपत्रे गर्ने कार्य शुरुवात भएको छ । यस वर्ष २ किलोमिटर सडक कालोपत्रे, १ किलोमिटर ढलान, १.२ किलोमिटर सोलिङ्ग र ४ किलोमिटर ग्रावेल भएको छ ।

- नांगेरह मैदीकोट खानेपानी, ज्वालामूखी वृहत्त् खानेपानी, र छोरी गण्डकी लिफ्ट खानेपानी निर्माण कार्य तीव्र रुपमा भइरहेको छ ।

- सिंचाई तर्फ नयाँ कुलो २ किलोमिटर र सिंचाई पोखरी २३ वटा निर्माण सम्पन्न गरिएको छ ।

- गाउँपालिका क्षेत्रभित्रका अधिकांश शाखा सडकहरुको मर्मत कार्यमा गाउँ, टोल, बस्तीमा सिढी ढलान गरिएको छ।

- बिद्यालय स्तरिय मनोसामाजिक सु-स्वास्थ्य कार्यक्रम १२ स्थानमा संचालन गरि १००२ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ ।

- ८ वटा आमा समुहमा आत्महत्या रोकथाम तथा मनोपरामर्श सेवा २३० जनालाई प्रदान गरिएको छ ।

**यामनाथ दनै**
**अध्यक्ष**

- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमवाट ३६२ जनालाई शिक्षा प्रदान गरिएको । साथै आयुर्वेद स्वास्थ्य घुम्ती शिविरवाट २८८ जनालाई सेवा प्रदान गरिएको छ ।

- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना तर्फ १५ जनालाई ५ दिने मिनि टिलर मर्मत तथा संभार तालिम संगै प्रविधि हस्तान्तरण गरियो।

- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत पुराना उद्यमीहरुलाई ३ दिने सामुदायिक स्तरोन्नति होमस्टे संचालन तथा व्यवस्थापन तालिम सहित समुहमा प्रविधि हस्तान्तरण गरियो।

- १६ दिने लैङ्गिक हिंसा विरुद्दको कार्यक्रम अन्तर्गत प्रभातफेरी, सचेतनामूलक, दिप प्रज्वलन र वक्तृत्वला प्रतियोगिता कार्यक्रम सम्पन्न गरियो।

- ३४ औं अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा ज्वालामूखी गाउँपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गताका प्रकृति अनुसार प्रविधिमा जोड दिदै र स्वास्थ्य सम्बन्धि सरसफाईका विषयमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो।

- स्थानीय जीविकोपार्जन सुधार कार्यक्रम मार्फत २५ जना महिलाहरुलाई बाख्रपालन तालिम र विउँपुजी अन्तर्गत रु २६००० वैङ्क खातामा जम्मा गरिएको छ।

- वाल विवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम अन्तर्गत विद्यालय तथा समुदाय केन्द्रित सचेतनामुलक कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

धर्मनाथ दनै
अध्यक्ष

- गाउँपालिका कार्यालय अन्तर्गत विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था र १२ वटा माध्यामिक विद्यालयमा विद्युतीय हाजिरी जडान तथा प्रयोग भएको छ।

- गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र जडान भएको छ।

- गाउँपालिका कार्यालयवाट विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, समेतको अनुगमन गरि जनशक्ति संरचना र सेवा प्रवाहको अवस्था सुधारका प्रयास सहित प्रतिवेदन पेश गरिएको छ ।

- एकिकृत घुम्ती सेवा मार्फत वडास्तरमा सवै सेवाहरुको एकिकृत सेवा प्रवाह गरिएको छ ।

- नियमित बजार अनुगमन कार्यलाई जोड दिई व्यवसाय दर्ता, नविकरण लगायतका कार्यहरुमा सहजीकरण गरिएको साथै खाद्य स्वच्छता कायम राखिएको छ ।

गाउँसभाका सदस्य ज्यूहरु,

१. यस गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम ज्वालामूखी गाउँपालिकाले परिकल्पना गरेको "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः समृद्ध ज्वालामूखीको मूल आधार" भन्ने दीर्घकालीन सोंच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई उच्च प्राथमिकतामा राख्दै आम गाउँपालिका बासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ।

यामनाथ दनै
अध्यक्ष

२.	ज्वालामूखी सरकारले गाउँपालिकाको समग्र विकास तथा सेवा प्रवाहको लागि नवीन र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो ।

गाउँसभाका सदस्य ज्यूहरु,

अव म यस गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको वार्षिक गाउँ विकास योजनाको सोंच, लक्ष्य र उद्देश्यको बारे संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

गाउँपालिकाको दीर्घकालीन सोंचः

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार - समृद्ध ज्वालामूखीको मूल आधार" रहेको छ।

लक्ष्यः

गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिवृद्धि भई गाउँबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

उद्देश्यः

गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकास, संस्थागत विकास तथा सेवा प्रवाह, सुशासन, समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।

सिद्धान्तः

बजेट विनियोजन गर्दा मूलतः आवश्यकता, सम्भाव्यता, पारदर्शिता, सहभागिता र स्रोत सुनिश्चितताका सिद्धान्तहरु अवलम्वन गरिनेछ।



धामनाथ दर्नाल
अध्यक्ष

CamScanner

गाउँसभाका सदस्य ज्यूहरु,

अब म वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु,
- मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अंगिकार गरेको सोह्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- संघीय सरकार तथा प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु
- दिगो विकासका लक्ष्यहरु, २०१५-२०३०
- नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- सरोकारवालाहरुबाट प्राप्त राय/सुझावहरु(विज्ञ, राजनैतिक दलहरू, विकास साझेदारहरु)
- सहभागीता मूलक योजना तर्जुमा प्रक्रिया मार्फत् प्राप्त योजना तथा सुझावहरु,
- विगत वर्षहरुमा सम्पन्न भएका गाउँसभाहरुबाट भएका निर्णयहरु,
- गाउँकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,



यामनाथ दनै
अध्यक्ष

- बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४, का विभिन्न प्रावधानहरु,
- स्थानीय राजश्व परामर्श समिति, बजेट सिमा निर्धारण तथा स्रोत अनुमान समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु,
- लेखा परीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरु,
- ज्वालामूखीको मौलिक पहिचान तथा विशेषताहरु आदि ।
- विभिन्न स्थानीय तहहरुको असल अभ्यासहरु ।

ज्वालामूखी गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को कुल बजेट रु ५७ करोड ९० लाख ५२ हजार २ सय रहेको छ ।यसमा चालु तर्फ रु ४३ करोड ७५ लाख २ हजार २ सय रहेको छ भने पूँजीगत तर्फ रु. १४ करोड १५ लाख ५० हजार रहेको छ ।क्षेत्रगत रुपमा बजेट विनियोजन हेर्दा आर्थिक विकास तर्फ रु. ९९ लाख ५० हजार, सामाजिक विकास तर्फ रु. ५ करोड १० लाख २३ हजार २ सय, पूर्वाधार विकास तर्फ रु. १४ करोड १५ लाख ५० हजार, सुशासन तथा अन्तर सम्वन्धित तर्फ रु ५६ लाख र कार्य संचालन तथा प्रशासनीक तर्फ रु ८ करोड १५ लाख ७९ हजार विनियोजन भएको छ ।आगामि आर्थिक वर्षको यस गाउँपालिकालाई संघीय सरकारवाट समानीकरण अनुदान रु १२ करोड ९१ लाख, सशर्त अनुदान रु २२ करोड ९६ लाख, विशेष अनुदान रु १ करोड ३१ लाख, र समपुरक अनुदान रु ५० लाख गरि कुल रु ३७ करोड ६८ लाख प्राप्त भएको छ । त्यसैगरी बागमती प्रदेश सरकारवाट समानीकरण अनुदान रु १ करोड १९ लाख ६६ हजार, सशर्त अनुदान रु २ करोड १ लाख ७७ हजार ९ सय , विशेष अनुदान रु, ७० लाख र समपुरक अनुदान रु २ करोड गरि कुल रु ६ करोड ७ लाख ४५ हजार प्राप्त भएको छ । संघीय राजस्व



यज्ञनाथ दनै
अध्यक्ष

बाँडफाँडवाट रु. ८ करोड ८६ लाख ३७ हजार, प्रदेश राजस्व बाँड़फाँड रु २ करोड १८ लाख १४ हजार १ सय २० रुपैया र आन्तरक स्रोतवाट रु. २ करोड २९ लाख भएको छ ।

म आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा भएका प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- प्रविधियुक्त शिक्षा साथै शैक्षिक स्तरमा गुणात्मक सुधार
- सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह मार्फत् नमूना स्वस्थ पालिका निर्माण
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरणमा जोड
- पूर्वाधार विकास तथा दिगो संरक्षण र व्यवस्थापन
- उत्पादन र उत्पादकत्वमा अभिवृद्धि
- सुशासन र वित्तीय अनुशासन
- खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन मार्फत् पूर्ण सरसफाइ उन्मुख गाउँपालिका
- आन्तरिक रोजगार प्रवर्द्धनमा जोड
- वातावरण संरक्षण र दिगो विकास
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- सूचना प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाह
- विपद् व्यवस्थापन, उद्धार, राहत र पुनर्स्थापना

गाउँसभाका सदस्य ज्यूहरु,

अव म प्राथमिकता प्राप्त क्षेत्रअनुसारको क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

...नाथ दनै
अध्यक्ष

१. आर्थिक विकास क्षेत्र

"उत्पादन, उद्यम, पर्यटन र रोजगारी : समृद्ध ज्वालामूखीको आधार"

कृषि तथा पशुपन्छी

- कृषक समूह तथा सहकारीमार्फत कृषि यान्त्रीकरण प्रवर्द्धन गरिनेछ।
- कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापना गरिनेछ।
- बाँझो जमिनको उपयोग गरी उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। सो का लागि खण्डिकृत तथा बाँझो चक्लाबन्दी खेती, करार खेती, साथै भूमि बैंकको अवधारणा सुचारु गरि कृषि पकेट क्षेत्र कार्यक्रमको लागिग प्रोत्साहन गरिनेछ।
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- उत्पादन हातमा अनुदान साथमा कार्यक्रम संचालन गरि दुग्ध जन्य पदार्थ, कफि, सुन्तला, सख्खरखण्डा र पिँडालु जस्ता रैथाने स्थानीय उत्पादनका लागि प्रोत्साहनको कार्यक्रम संचालन गरिनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम विस्तार गरि उत्पादित वस्तु तथा बालीमा लेवलिङ्ग, प्याकेजिङ्ग, भण्डारण तथा मुल्य श्रृखला तयार गरि बजारीकरणमा टेवा पुर्याइनेछ।
- "रैथानेमा गर्व गरौ" भन्ने नाराका साथ रैथाने बाली तथा स्थानीय उत्पादनको संरक्षण तथा प्रवर्द्धन, बजारीकरण, बीउ बैंक, प्राङ्गारिक कृषि, कृषि पर्यटन र हाट बजारलाई प्रवर्द्धन गरिनेछ।

...नाथ दनै
...ध्यक्ष



CamScanner

- एक घर एक करेसावारी, बाह्रै महिना भान्सामा हरियो तरकारी भन्ने नाराका साथ करेसावारीको स्थापना तथा प्रयोगमा जोड दिने साथै बेमौसमी बाली, फलफूल, मौरीपालन र पशुपालनलाई प्राथमिकता दिइनेछ।

- पशु स्वास्थ्य, नश्ल सुधार, कृत्रिम गर्भाधान, गोठ तथा थलो सुधारका कार्यक्रम साथै पशुजन्य रोगहरु विरुद्धको निःशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ।

- उत्पादनको सम्भाब्यता भएको क्षेत्रहरुमा बाली बिमा तथा बाली सिविर सञ्चालनमा ल्याईनेछ।

- माटोको स्वच्छताउर्वरा शक्ति कायम राख्नको लागि माटो परीक्षण / गरि कृषि चुनको प्रयोगको लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

- "उत्सर्जनदेखि विसर्जनसम्म", "आलीदेखि थालीसम्म", "गोठदेखि ओठसम्म" सुरक्षित र शुद्दता सुनिश्चित गरि विषादी, प्रतिजैविक औषधी तथा अन्य रासायनिक पदार्थहरुको अनियन्त्रित तथा अनावश्यक प्रयोगलाई निरुत्साहित गरि जैविक तथा प्राकृतिक खेती प्रणालीलाई प्रणाली (Organic Farming) लाई व्यवस्थित बनाइनेछ ।

- दूध, मासु र अण्डा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

- पशु स्वास्थ्य सेवा सुधार अन्तर्गत पशु प्रयोगशालाको विकास र प्रयोगमा जोड दिईनेछ।

- कृषि तथ्याङ्क संकलनमा व्यस्थापनमा बिशेष जोड दिईनेछ।

- गाउँपालिकाकृषि फर्मको समन्वयमा कृषि उत्पादन ,कृषि सहकारी , माग आपूर्ति सम्बन्धि सफ्टवेयर विकास गरिनेछ।



अध्यक्ष

CamScanner

- पशुपंक्षी बजार विकास तथा प्रवर्द्धन सम्बन्धी सम्पुर्ण कार्य गरिनेछ। पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ।

- पशुपंक्षीपालनबाट गरिब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग, युवा तथा महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याईनेछ।

- गाउँपालिकालाई रेबिज सुरक्षीत क्षेत्र बनाउन सबै वडाहरुमा कुकुर बन्ध्याकरण शिविर संचालन गरिनेछ। बाँदर नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

- रासायनिक मलको प्रयोग न्युनिकरण गरी प्राङ्गारिक मलको प्रोत्साहन स्वरुप पशु मल मुत्र व्यवस्थापन कार्यक्रम संचालन गरीनेछ ।

- पशुजन्य रोग नियन्त्रण तथा One Health अवधारणा अनुसार जुनोटिक रोग नियन्त्रण तथा खाद्य सुरक्षामा विशेष जोड दिइनेछ।

- गोरु संरक्षण र कमजोर किसान संरक्षण अन्तर्गत किसान अनुदान दिने नीति लिइनेछ ।

## र्यटन तथा उद्यम विकास

गाउँपालिका भित्रका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरिनेछ।

गाउँपालिका भित्र स्थानीय उत्पादनको ब्राण्डिङ तथा बजारीकरण गरिनेछ। स्थानीय उत्पादनमा आधारित घरेलु उद्योग प्रवर्द्धन गर्दै उद्यम विकास गरिनेछ।

धर्मनाथ दने
अध्यक्ष

- युवालाई उद्यमशीलता, सीपमुलक तालिम तथा स्वरोजगार कार्यक्रममा जोडिनेछ।
- मिशन रोजगारी, दीगो रोजगारी र उद्यमशिलता प्रवर्द्धन अभियान संचालन गरिनेछ ।
- रोजगारी सिर्जनाका नविनतम् उपायहरु एवं विधिहरुको विकास गर्नका लागि रोजगार रणनीति तयार गरि कार्यान्वयनमा ल्याइनेछ । युवा तथा महिलाका लागि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- नमुना सफा र स्वच्छ गाउँको अवस्थालाई दीगो बनाउँदै पर्यटनसँग जोड्नका लागि होमस्टे संचालन तथा अतिथि सत्कारका क्रियाकलापहरु संचालन गरि आयआर्जन वृद्धि गर्ने नीति लिइनेछ ।
- बैदेशिक रोजगारवाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र दक्षतालाई अवसर प्रदान गरि अधिकतम् प्रयोग गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको संभावना पहिचान गरि प्याराग्लाइडिङ, केवलकार जस्ता सम्भाव्यता अध्ययन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

सहकारी तथा वित्तीय क्षेत्र

- सहकारी संस्थाहरुको क्षमता विकास तथा सक्रिय रुपमा सञ्चालनमा रहेका सहकारीहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) प्रयोगलाई अनिवार्य सञ्चालन गर्ने नीति लिइनेछ ।

यमनाथ दनै
अध्यक्ष

- सहकारी संस्थाहरुलाई सूचना प्रविधिमैत्री बनाई सफ्टवेयरमा आधारित लेखा व्यवस्थापनका लागि प्रोत्साहन गरि कानुनी दायरामा ल्याइनेछ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई अनुगमन गरि उत्कृष्ट काम गर्ने सहकारी संस्था पुरस्कृत र मापदण्ड विपरीत सहकारी संस्थालाई कार्वाहीको दायरामा ल्याइनेछ ।
- कृषि तथा पशु उत्पादनमूखी सहकारी संस्थालाई प्रवर्द्धन गरिनेछ।
- वित्तीय पहुँच विस्तार तथा बचत संस्कृतिको विकास गरि सहकारी व्यवस्थापन प्रभावकारी बनाइनेछ।
- सहकारी एकीकरण नीतिलाई प्रोत्साहन गरिनेछ ।
- रोजगार रणनीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।

२. सामाजिक विकास क्षेत्र

कोखदेखि शोकसम्म ज्वालामूखी सरकार

"स्वस्थ नागरिक, प्रविधियुक्त गुणस्तरीय शिक्षा र समावेशी समाज"

नमूना स्वस्थ पालिका

दुरदृष्टि (Vision)

"स्वच्छ वातावरण, स्वस्थ जीवनशैली र समतामुलक स्वास्थ्य सेवा मार्फत समुन्नत र स्वस्थ ज्वालामूखी गाउँपालिका"।

ध्येय (Mission)

स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र सरोकारवालाको साझेदारीमा बहुक्षेत्रीय प्रयासमार्फत सबै नागरिकको शारीरिक, मानसिक र सामाजिक



यामनाथ दनै
अध्यक्ष

CamScanner

स्वास्थ्य प्रवर्द्धन गरी उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न ज्वालामूखीबासीलाई सक्षम बनाउने।

लक्ष्य (Goal)

सन् २०३० सम्ममा ज्वालामूखी गाउँपालिकालाई सुरक्षित, स्वच्छ, समावेशी र दिगो स्वास्थ्य प्रणाली भएको नमूना स्वस्थ गाउँपालिकाको रूपमा विकास गर्ने।

स्वास्थ्य, पोषण तथा खाद्य स्वच्छता

- "कोखदेखि शोकसम्म ज्वालामूखी सरकार" भन्ने सामाजिक विकासको नारालाई पूर्ण बनाउन मृत्यु संस्कार(काज क्रिया) खर्च वापत रु ५ हजार सहायता दिने नीति लिइनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।
- गर्भवती, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य सेवामा विशेष प्राथमिकता दिइ नमुना आमा सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरि आमा सुरक्षा कार्यक्रमलाई दीगो र प्रभावकारी बनाउने नीति लिइनेछ ।
- घरदैलोमा जनस्वास्थ्य सेवा पुर्याउन नसर्ने रोगको स्क्रीनिङ तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम टोल टोलमा विस्तार गरि सेवाको पहुँच बढाउने नीति लिइनेछ।
- मानसिक स्वास्थ्य, नसर्ने रोग तथा स्वास्थ्य बीमा कार्यक्रमलाई सुदृढ बनाइनेछ। ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

यमनाथ दनै
अध्यक्ष



CamScanner

- विद्यालय स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य कार्यक्रम विस्तार गरिनेछ।
- "कोखदेखि शोकसम्म ज्वालामूखी सरकार" भन्ने सामाजिक विकासको नारालाई पूर्ण बनाउन विकास साझेदार संस्थाहरुसँगको सहकार्य, समन्वय र साझेदारीमा नमुना स्वस्थ ज्वालामूखी अभियान पूर्ण बनाउने नीति लिइनेछ ।
- One Health कार्यक्रम अन्तर्गत मानव, पशु तथा वातावरणीय स्वास्थ्यलाई एकीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ। रेबिज, बर्ड फ्लु लगायत जुनोटिक रोगको निगरानी सुदृढ गरिनेछ। खाद्य स्वच्छता तथा खाद्य सुरक्षा प्रवर्द्धन गरिनेछ।
- सबै नीतिमा स्वास्थ्य ( Health In All Policies) को नीति अंङ्गीकार गरि स्वास्थ्यलाई मूल मर्ममा राखी कार्यक्रम संचालन गरिनेछ ।
- सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन गरि नमुना सफा र स्वच्छ क्षेत्र घोषणा पश्चात सो को दीगोपना सुनिश्चित गर्दै विकास साझेदारहरुसँगको सहकार्य, समन्वय र साझेदारीमा पूर्ण सरसफाई उन्मुख गाउँपालिका बनाउने नीति रहेको छ। ।
- मातृ, नवजात, बाल तथा किशोर किशोरी स्वास्थ्य, वास र पोषण अवस्थामा सुधार ल्याउन एकिकृत कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्यमा समुदायको सचेतना, सहभागिता र उत्तरदायित्व बढाउन जोखिम संचार तथा सामुदायिक सहभागीता सुनिश्चित गरि सामाजिक व्यवहार संचार परिवर्तन कार्यक्रम घरदैलोमा पुर्याइनेछ ।

...नाथ दनै
अध्यक्ष



CamScanner

- बहुक्षेत्रीय समन्वय र स्थानीय शासन प्रणालीमार्फत स्वास्थ्यमैत्री विकास प्रवर्द्धन गरिनेछ। बालमैत्री स्थानीय तह घोषणाका सूचकहरु पूरा गर्ने नीति लिइनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य प्रणालीको दिगो विकास गरी उत्थानशील स्वास्थ्य प्रणाली निर्माण गरिनेछ ।
- ज्वालामूखी गाउँपालिकाका शत प्रतिशत घरधुरीलाई नजिकको स्वास्थ्य संस्थाबाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने तथा मातृ, नवजात, बालबालिका र किशोरकिशोरी स्वास्थ्य सेवाको उपयोग दरमा कम्तीमा ४०% वृद्धि गरिनेछ।
- १००% घरधुरीलाई सुरक्षित खानेपानी र आधारभूत सरसफाइ तथा स्वच्छता सुविधामा पहुँच सुनिश्चित गर्ने, दीगो सरसफाई र स्वच्छता प्रवर्द्धन गरि पानीजन्य रोगहरूको कारणले स्वास्थ्य संस्थाको ओपिडिमा आउने विरामीदरलाई शुन्यमा झारिनेछ ।
- ५ वर्षमुनिका बालबालिकामा कुपोषण (STUNTING/WASTING) दरलाई शुन्यमा झार्ने दीर्घकालिन लक्ष्य प्राप्तिका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरि पोषणमैत्री स्वास्थ्य संस्था र पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ ।
- कम्तीमा ९०% जनसंख्याको नसर्ने रोगको जोखिमको पहिचानका लागि नियमित स्वास्थ्य परीक्षण (SCREENING) सुनिश्चित गर्ने र उच्च रक्तचाप, मधुमेह तथा मानसिक स्वास्थ्यसम्बन्धी जोखिम व्यवहारमा २०% कमी ल्याइनेछ।
- प्रत्येक वडामा कम्तीमा १० वटा स्वास्थ्य सचेतना अभियान सञ्चालन गर्ने र स्थानीय स्वास्थ्य कार्यक्रमहरूमा समुदायको सहभागिता दर ८०% पुर्‍याइनेछ ।



अध्यक्ष

- स्वास्थ्य,पोषण, शिक्षा, खानेपानी तथा सरसफाइ क्षेत्रबीच समन्वय संयन्त्र स्थापना गरी वार्षिक संयुक्त योजना तथा समीक्षा प्रणाली कार्यान्वयन गरिनेछ।

- डिजिटल हेल्थ प्रोफाइल तयार गरि सुचना प्रविधिमैत्री स्वास्थ्य सेवा प्रवाह गरि अभिलेख तथा प्रतिवेदनलाई चुस्त दुरुस्त बनाइनेछ ।

- सबै स्वास्थ्य संस्थामा आपतकालीन तयारी तथा प्रतिकार्य योजना (Emergency Preparedness Plan) लागू गर्ने र विपद्का समयमा स्वास्थ्य सेवा निरन्तरता सुनिश्चित गर्ने क्षमता १००% विकास गरिनेछ।

- गम्भिर विरामी उपचार सहायता अन्तर्गत ५ किसिमका जटिल रोगहरु (मुटुरोग, मृगौला रोग, क्यान्सर, स्पाइनल कर्ड इन्जुरी, कडा मानसिक रोग)लाई उपचार खर्च वापत रु १००००। उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिकामा निर्माण सम्पन्न हुन लागेको गाउँपालिका स्तरीय १५ शैयाको आधारभूत अस्पताल सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

- घरदैलोमा जनस्वास्थ्य सेवा प्रवाहका लागि एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम मार्फत सामुदायिक स्वास्थ्य सहजकर्ताहरु परिचालन गरि प्रतिकारात्मक, प्रतिरोधात्मक, पुनर्स्थापनात्मक साथै प्रशामक सेवालाई समुदायस्तरमा संचालन गरिनेछ ।उपचारात्मक सेवामा आँखा सेवा र आयूर्वेद सेवा साथै मनोसामाजिक परामर्श सेवालाई सशक्त बनाइनेछ।

नाथ दर्नै
अध्यक्ष



CamScanner

- पूर्ण खोप, पोषणमैत्री स्थानीय तह, पूर्ण संस्थागत सुत्केरी, नमुना आमा सुरक्षा, पूर्ण सरसफाइ उन्मुख कार्यक्रम गर्भवती सुत्केरीलाई निःशुल्क एम्वुलेन्स सेवा, अध्यक्ष सुत्केरी पोषण कार्यक्रम, नमुना स्वस्थ पालिका अभियान तथा विगतमा संचालन भएको नविनतम् कार्यहरुलाई निरन्तरता दिइनेछ ।

- प्रतिजैविक प्रतिरोध न्युनीकरणका लागि सामाजिक सचेतीकरण गर्ने नीति लिइनेछ ।

- ढोला स्वास्थ्य चौकीलाई एक जिल्ला एक नमुना स्वास्थ्य संस्थाको रुपमा विकास गरिएकोमा अन्य स्वास्थ्य संस्थालाई समेत नमुना स्वास्थ्य संस्था बनाइदै लगिनेछ । गाउँपालिकावाट स्वास्थ्य संस्था संचालन अनुदान व्यवस्था गरी न्युनतम सेवा मापदण्ड बमोजिम स्वास्थ्य संस्थाहरुको दीगो ब्यवस्थापन गरिनेछ ।

- गर्भावस्थादेखि सुत्केरी अवस्था सम्म सेवामा निरन्तरता दिनका लागि नमुना आमा सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याइ पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता घोषणा तथा प्रमाणिकरणको अवस्थालाई दीगो बनाइनेछ ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरि समयानुकुल प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गर्ने नीति लिइनेछ । साथै स्वस्थ आमा समुहको सशक्तिकरण गरि समुदायस्तरमा सघन रुपमा सामाजिक सचेतीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

- स्वास्थ्य संस्थाहरुको सुशासन व्यवस्थापन प्रभावकारी बनाइनेछ । सामाजिक परीक्षण, तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाई थप सुदृढ बनाइनेछ ।

- विकास साझेदार संस्थाहरुसँगको सहकार्य, समन्वय र साझेदारीमा स्वास्थ्य सेवालाई सवलीकरण र सुदृढ बनाई समुदायमा सामाजिक व्यवहार संचार कार्यक्रमलाई थप सशक्त बनाइनेछ ।
- अस्वस्थकर खानपान निषेधका लागि विगतमा संचालनमा रहेको ३ च बन्द (चाउचाउ, चकलेट, चुइगम) कार्यक्रमलाई थप व्यवस्थित बनाइ पत्रु खानालाई न्युनिकरणका गर्नका लागि विशेष अभियान र सामुदायिक सचेतीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- म स्वस्थ मेरो टोल स्वस्थ, टोल टोलमा स्वस्थ प्रवर्द्धन कार्यक्रम हरेक वडाहरुमा नियमित रुपमा संचालन गरि सामुदायिक सचेतना अभिवृद्धि गरिनेछ । साथै फाल्गुण महिनालाई नसर्ने रोग महिनाको रुपमा विभिन्न स्क्रिनिङ कार्यक्रम संचालन गरि मनाइनेछ ।

शिक्षा, युवा तथा खेलकुद

- गाउँपालिका क्षेत्र भित्रका सामूदायिक विद्यालयहरुमा अध्ययनरत विधार्थीहरुलाई कृषि पेशा प्रति आकर्षण बढाउन विद्यालय करेसावारी " "हरित विद्यालय कार्यक्रम" तथा "कार्यक्रमसंचालन भैसकेकाले यसलाई निरन्तरता दिईनेछ। साथै नवप्रवर्तन, अनुसन्धान, विकास र आविष्कारको क्षेत्रलाई प्रोत्साहन गर्न नवप्रवर्तन, अनुसन्धान र विकास कोष स्थापना गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयमा वालवालिकालाई "ल्याउ, टिकाउ ,सिकाउँ, र विकाउ" भन्ने अभियान सञ्चालन साथै "सिक्दै कमाउँदै कमाउँदै सिक्दै" र "पढाई सँगै सिप" कार्यक्रमको सुरुवात गरिएकाले यसलाई थप व्यवस्थित बनाईनेछ ।

यामनाथ दनै
अध्यक्ष

- विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाइ पोषणयुक्त खाजा खुवाउन विद्यालयलाई उत्प्रेरित गरी जंक फुडको प्रयोग निषेध गर्न थालनी गरिएकाले पोषणयुक्त खाजामा स्थानीय उत्पादनको उपयोग हुने गरि आधारभुत तहका विद्यार्थीहरुलाई पोषिलो, ताजा र गुणस्तरीय खाजा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- सबै बालबालिकाको विद्यालय पहुँच तथा गुणस्तरीय शिक्षामा जोड दिइनेछ। प्रारम्भिक बालविकास कार्यक्रम सुदृढ गरिनेछ।
- सिकाई तथा शैक्षिक मेला आयोजना गरि सिकाइ अनुभव आदान प्रदानको नीति लिइनेछ ।
- आगामि आर्थिक वर्ष देखि एस.इ.इ. मा शत प्रतिशत ग्रेड ल्याउने विद्यालयलाई विद्यालय संचालन अनुदान मार्फत रु. २ लाख रकम प्रोत्साहन स्वरुप प्रदान गरिनेछ । साथै उत्कृष्ट विद्यालय र विद्यार्थीलाई नगद सहित सम्मान दिने नीति लिइनेछ ।
- डिजिटल सिकाइ तथा सूचना प्रविधिको प्रयोग विस्तार गरिनेछ। प्रविधिमैत्री शिक्षा तथा शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय वेबसाइट र डिजिटल पूर्वाधार (School Websites & Digital Infrastructure) तयार गर्न शिक्षक प्रशिक्षण तथा क्षमता विकास (Teacher Training & Capacity Building) गरी शिक्षकहरूलाई AI (कृत्तिम बौद्धिकता) र सुचना प्रविधमैत्री नीति लिइ काठमाण्डौ विश्वविद्यालय तथा अन्य सम्वन्धित क्षेत्रसँग सहकार्य गरिनेछ ।

[signature] ...नाथ दनै
अध्यक्ष

- विद्यालय केन्द्रित सीपमूलक तालिम (Skill-Based Training) कार्यक्रम गैह्र सरकारी विकास साझेदारहरुसँगको सहकार्यमा संचालन गर्ने नीति लिइनेछ ।
- डिजिटल वार्ड क्लिनिक (DIGITAL WARD CLINICS)/DIGITAL HELP DESK, REGISTRATION प्रणाली, PAYING TAXES, कोषी अनुदान (KOSHI ANUDAN) लगायतका सेवाहरू, डाटाको डिजिटलाइजेशन (DIGITALIZATION OF DATA), DATA DRIVEN DECISION MAKING प्रणाली लागू गर्ने, डिजिटल जागरण/AI LITERACY (DIGITAL AWARENESS/AI LITERACY), CYBER SECURITY AWARENESS, DIGITAL FOOTPRINT व्यवस्थापन, STEM आधारित शिक्षा (STEM-BASED EDUCATION), ROBOTICS, CODING र AI Education लाई विद्यालयमा एकीकृत Problem Solving र Analytical Thinking को विकास, SCIENCE EXHIBITION आयोजना साथै विद्यार्थीहरूलाई TECHNICAL EVENTS वा EXHIBITIONS मा भ्रमणका कार्यहरु संचालन गरि प्रविधिमैत्री शिक्षा प्रणाली शुरुवात गरिनेछ ।
- खेलकुद तथा युवा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयहरुमा विद्यालयको सिकाइ उपलब्धि सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- युवा स्वरोजगार, सीप विकास तथा खेलकुद पूर्वाधार निर्माण गरिनेछ। सबै विद्यार्थीहरुको दुर्घटना विमा गर्ने नीति लिइनेछ ।
- नियमित शैक्षिक वैठकको आयोजना गरि विद्यालय सुधारको योजना बमोजिम शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक कार्यहरु संचालन गरिनेछ ।

...नाथ दनै
अध्यक्षा



CamScanner

- विद्यालयमा संचालनमा रहेको एक विद्यालय एक नर्स कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।
- वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको कार्यसम्पादन चुस्त दुरुस्त बनाउन थप प्रोत्साहन खर्चको व्यवस्थापनको नीतिलाई निरन्तरता दिइनेछ ।
- बहुकक्षा बहुस्तर सिकाई पद्दती ( MGML- MULTI GRADE MULTI LEVEL) लाई प्रभावकारी बनाइ शैक्षिक उपलव्धिलाई सुदृढ बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका आर्थिक अवस्था कमजोर भएका, विद्यालय समायोजन तथा ग्रेड डाउन भएका विद्यालयका बिद्यार्थीहरुलाई आवासीय बिद्यालय मार्फत पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- शिक्षिका सुत्केरी बिदामा रहँदा सट्टा शिक्षकको व्यवस्थापन गरि शैक्षिक कार्यलाई निरन्तरता दिने नीति लिइनेछ ।
- नियमित सिकाइ उपलव्धि मापन गरि पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ । विद्यालय अनुगमनको कार्यलाई व्यवस्थित बनाई विद्यालयको शैक्षिक सुधारमा सहयोग पुर्याइनेछ ।
- एस,इ.इ. तयारीको लागि अतिरिक्त कक्षा संचालनको व्यवस्था मिलाइनेछ ।
- कक्षा ८,१० र १२ र अन्य कक्षामा उतकृष्ट नतिजा प्राप्त गर्ने गराउने शिक्षक विद्यार्थी र पदाधिकारीहरुलाई उत्प्रेरित गरी पाठ्यक्रम तोकिएका अपेक्षित सक्षमता पूरा गराउन पुरस्कार सम्मान कार्यलाई जोड दिईनेछ ।

रामनाथ ...
अध्यक्ष



CS CamScanner

- सामुदायिक विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा प्रशासनिक लगायतका पक्षमा सुधार ल्याउनका लागि गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम संचालन गरिनेछ। साथै विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइ (विद्यालय वास)व्यवस्थापन सुधार गरिनेछ।

- स्वास्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्ने खेलकुदलाई संस्कृतिको रुपमा विकास गर्ने कार्यको सुरुवात गरिएकाले यसलाई निरन्तरता दिईनेछ ।

- विद्यार्थीहरुलाई आफूले निर्माण गरेका र सिकेका कुराहरुको प्रदर्शन गर्ने अवसर पाउने गरी सिकाई तथा शैक्षिक मेला आयोजनालाई निरन्तरता दिईनेछ ।

- मध्यपान, धुम्रपान, लागुपदार्थ त्यागौं, समृद्ध ज्वालामूखी निर्माणमा लागौं भन्ने मूल नारा सहित युवाहरुलाई खेलकुद लगायत अतिरिक्त क्रियाकलापमा आवद्ध गर्नका लागि प्रत्येक गाउँ टोलमा युवा क्लव गठन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

- युवा वर्गलाई खेलकुद प्रति आकर्षित गर्नका लागि योग शिक्षा कार्यक्रम, राष्ट्रपति रनिङ्ग शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता आयोजनालाई अगामी आ व मा पनि निरन्तरता दिईनेछ ।

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

- विकासमा महिला काममा पहिला, *शिक्षा, सीप र रोजगारी, बिहेवारी विस वर्ष पारी* भन्ने नाराका साथ महिला सशक्तीकरण तथा आयआर्जनका लागि सीपमूलक तालिम साथै प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

…थ दनै
…यक्ष

- गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरुको उच्च सम्मानका लागि अध्यक्षसँग ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरि उहाँहरुको अनुभव, ज्ञान र सीपलाई हस्तान्तरण गराउने नीति लिइनेछ ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विपन्न समुदायका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- बालमैत्री स्वास्थ्य संस्था तथा बालमैत्री स्थानीय तह घोषणा अभियानलाई निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको संरक्षणमा विशेष जोड दिइनेछ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको व्यक्तिहरुलाई संरक्षण, सम्मान र सशक्तीकरण गरिनेछ।
- अति बिपन्न, सिमान्तकृत, असहाय, अपाङ्ग, महिला तथा बालाबालिकालाई सीप र क्षमता विकास गराई आवश्यक प्रविधि हस्तान्तरण र बिंउ पुजीको समेत व्यवस्था गरिने नीति लिईनेछ ।
- लैङ्गिक समानता, जातीय विभेदमुक्त तथा बालमैत्री गाउँ घोषणा तथा सामाजिक समावेशीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- बाल विवाह, जीवन स्वाहा भन्ने नाराका साथ कम उमेरमा हुने विवाह तथा गर्भवतीलाई न्युनीकरणका लागि विशेष अभियान तथा

अध्यक्ष

जनचेतनाको सघन कार्यक्रमहरु विद्यालय तथा समुदाय तहमा संचालन गरिनेछ ।

## संस्कृति तथा सम्पदा नीति

- एतिहासिक, धार्मिक, पुरातात्विक महत्त्वका मठमन्दिर, वस्ती, टोल, रितिरिवाज, भाषा, लिपी, कला, संस्कृति, जात्रा, परम्परा जस्ता मूर्त तथा अमूर्त सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र विशेष महत्व राखे धार्मिक स्थलहरुमा गाउँपालिकासँग आवद्धता कायम गरी थप व्यवस्थापन गरिनेछ ।
- धादिङ जिल्लाको नरसिंहधाम निर्माण तथा व्यवस्थापनका लागि आवश्यक सहयोगमा निरन्तरता दिईनेछ ।

## सामाजिक सुरक्षा र संरक्षण नीति

- नेपाल सरकारले ज्येष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बैङ्क प्रणाली मार्फत घरटोल बस्तीमै उपलब्ध गराईने – अभ्यासलाई निरन्तरता दिइनेछ ।
- लक्षित वर्ग तथा दलितको पहुँच बढाउन निजामती लागायतका सार्वजनिक सेवा प्रवेशका लागि प्रतिस्पर्धीका लागि आवश्यक पर्ने क्षमता विकास कार्यक्रम अन्तर्गत लोक सेवा तयारी कक्षा संचालन भएकाले यसलाई निरन्तरता दिईनेछ ।
- सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति तर्जुमा गर्ने र सोही नीति अनुरुप बालबालिका पुनर्स्थापना केन्द्र,ज्येष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना गरी संचालनमा ल्याउन पहल गरिनेछ।
- सि.टी.ई.भि.टी. तथा व्यवसायी तालिम केन्द्रवाट सीपमूलक तालिम लिएकाहरुलाई सीप विकास प्रमाणिकरण गर्न पहल गरिनेछ ।

३. पूर्वाधार विकास क्षेत्र

"दिगो पूर्वाधार, सहज सेवा र समुन्नत ज्वालामुखी"

- शाखा सडकको स्तरोन्नति तथा नियमित मर्मत गरिनेछ। मुख्य सडकलाई कालो पत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ । वडाको केन्द्र जोड्ने सडक स्तरोन्नति गरिनेछ।
- हरेक वडामा एक वटा नमुना पूर्वाधार विकास योजना संचालन गर्ने नीति लिइनेछ ।
- प्रशासनिक भवनको लागि आवश्यक पूर्वाधार तथा व्यवस्थापन गरि सेवा प्रवाहलाई चुस्त बनाइनेछ ।
- ग्रामीण सडकहरूको नियमित मर्मत तथा संरक्षण गरिनेछ। आवश्यक स्थानमा पुल तथा कल्भर्ट निर्माण गरिनेछ।
- योजना तथा आयोजनाको दीगोपना, विकासमा नागरिक सहभागिता र आर्थिक अनुशासन कायम गर्नका लागि टोल विकास समितिलाई अन्य संघ संस्थाको साझेदारीमा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- नमुना सफा र स्वच्छ पालिकाको घोषणालाई दीगो बनाउन पूर्ण सरसफाइ उन्मुख क्षेत्र बनाई सुरक्षित खानेपानी तथा दीगो सरसफाइ सेवाको पहुँच विस्तार गरिनेछ।
- एक घर एक मिटर सहितको धारा अभियानलाई निरन्तरता दिइ सुरक्षित पिउने पानीको पहुँच सुनिश्चित गरिनेछ ।साथै पानीमा महिला सुशासनमा पहिला भन्ने नाराका साथ सुरक्षित पिउनेपानीको वकालत र पैरवी गर्ने नीति लिइनेछ ।

धर्मनाथ दर्नी
अध्यक्ष

CamScanner

- गाउँपालिका भित्र भवन निर्माण आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ । साथै भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री बनाउने नीति लिईनेछ ।

- खानेपानी वितरण प्रणालीलाई थप बैज्ञानिक र व्यवस्थित बनाइ स्वायत्त वोर्डको रुपमा संचालनमा रहेको नमूना ज्वालामूखी खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्डलाई प्रभावकारी सेवा प्रदायक संस्थाको रुपमा विकास गरिनेछ ।

- ज्वालामूखी ग्रामिण खानेपानी तथा सरसफाइ व्यवस्थापन वोर्डमा आवद्द भएका लिफ्ट तथा डिप वोरीङ प्रविधिमा आधारित खानेपानी प्रयोग गर्ने उपभोक्तालाई बुझाउनुपर्ने मासिक पानी महशुलमा ५० प्रतिशत छुट दिई सुरक्षित पिउनेपानीको पहुँच सुनिश्चित गराइनेछ ।

- खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको नियमित आयस्रोत व्यवस्था गर्न गाउँपालिका क्षेत्र भित्र रहेका खानेपानी योजनाहरुमा पानीको स्रोत तथा उपलव्धतालाई अध्ययन तथा विश्लेषण गरी खानेपानी बोटलिङ प्लाण्ट स्थापना तथा बजारीकरण संयन्त्र तयार पार्न विकास साझेदारहरुसँगको समन्वय एवं सहकार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

- खानेपानी बोर्डमा आवद्ध हुने खानेपानी योजनाका उपभोक्ताहरुमा हस्तान्तरण गरिएका योजनाहरु प्रति उनीहरुको अपनत्व र जिम्मेवारी बोधलाई जीवन्त राख्न खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको समन्वयमा हरेक योजनामा खानेपानी सुरक्षा टोली गठन गरी आवश्यक तालीम तथा अभिमुखीकरणको व्यवस्था गरिनेछ ।

ग्रामनाथ ढुंगेल
अध्यक्ष



CamScanner

- खानेपानी बोर्डमा आवद्ध भएका खानेपानी योजनाका उपभोक्ताहरु मध्येबाट बोर्डमा आवद्ध हुन बाँकी रहेका योजनाहरुलाई आवद्ध गराउन समन्वयकारी भुमिका खेल्ने उपभोक्ताहरुमध्येबाट प्रति वडा कम्तीमा एक जना उपभोक्तालाई सम्मान गर्ने नीति लिइनेछ ।

- बोर्डमा आवद्ध भइ सञ्चालनमा रहेका योजना हरुमा खानेपानी सुरक्षा टोली मार्फत सामुदायिक अंक पत्र प्रणालीबाट स्वमूल्यांकन प्रणालीको प्रवन्ध मिलाइनेछ ।

- गाउँपालिक क्षेत्र भित्र रहेका सार्वजनिक भवन, स्वास्थ्य संस्था तथा विद्यालय पूर्वाधारको आवश्यक सुधार गरिनेछ।

- गाउँपालिकामा निर्माण हुने पूर्वाधारहरुलाई डिजिटलाइज्ड गरि सूचना प्रविधिको विस्तार गरिनेछ।

- विपद् प्रतिरोधी तथा वातावरणमैत्री पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिइनेछ।

- गाउँपालिका भित्र संचालनमा भएका खानेपानी मुहानहरुको संरक्षण विकास र समुचित प्रयोग मार्फत आयोजनाहरुको संचालन मर्मत सम्भार र व्यवस्थापनका लागि खानेपानी बोर्डमार्फत दिगोपनाको नीति लिईनेछ ।

- सबै खानेपानी तथा सरसफाई योजनाहरुलाई डिजिटलाईजेशन गर्नका लागि एन वास सफ्टवेयर तथा वास प्लानमा रहेका डाटाहरुलाई नियमित रुपमा अद्यावधिक कार्य निरन्तरता गरिनेछ ।

- पानी जोगाऔ, भविष्य बचाऔं भन्ने नाराका साथ मुख्य खानेपानी स्रोतहरुको संरक्षणका लागि मुहान संरक्षण गरी अतिक्रमण नियन्त्रण,

पशुपतिनाथ दनै
अध्यक्ष

वृक्षारोपण तथा जलाधार व्यवस्थापन, बहुस्रोत तथा बहुप्रविधि प्रणालीमार्फत सेवा विस्तार गर्दै पोखरी, ताल निर्माण, वर्षातको पानी संकलन तथा सौर्य पम्पको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

- खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर मापणका लागि सेवा स्तर सुचक (Service level Benchmark) निर्धारण गरी नियमित अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक प्रतिवेदन प्रकाशन र कार्यान्वयन गरिनेछ।
- वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक भवनहरूको स्तरोन्नति तथा मर्मत गरिनेछ।
- गाउँपालिकाको शतप्रतिशत घरधुरीमा सुरक्षित पिउनेपानीको उपलब्धता सुनिश्चित गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र निर्माणाधिन ठूला र अन्तरप्रादेशिक सडकको गुणस्तर चेक जाँच गरी दीगो विकासको अवधारणाको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

यातायात व्यवस्थापन नीति

- सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बढाउन तथा समग्र सवारी साधनको उपयुक्त व्यवस्थापन गर्न ज्वालामूखी गाउँपालिका सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सानाठुला सावारी साधनको - व्यवस्थापनको लागि आवश्यक कार्यविधि निर्माण गरि गाउँपालिका स्तरीय यातायात व्यवस्थापन समिति गठन गरि व्यवस्थित गरिनेछ ।

यामनाथ दनै
अध्यक्ष

भवन मापदण्ड नीति

- सुरक्षित भवन निर्माण गर्न गाउँवासीलाई प्रोत्साहित गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी जग्गाधनिहरुको सहमतिमा एउटै आवासीय भवन निर्माण गर्ने गरी नक्सा पेश गरेमा नक्सापास दस्तुरमा ४० प्रतिशत दस्तुर छुट दिने नीति लिइनेछ ।
- गाउँपालिकाको भवन निर्माण आचार संहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ साथै गाउँपालिका क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वालवालिका तथा अपांग मैत्री बनाउन अनिवार्यता गरिनेछ ।

४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

"हरित ज्वालामूखी, सुरक्षित भविष्य"

बन, वातावरण तथा विपद व्यवस्थापन नीति

- "वनको बाँदर वनैमा" भन्ने नारा साथ बाँदर, दुम्सी, मृग लगायत वन्यजन्तुको प्रकोपबाट बालीनालीलाई संरक्षण गर्न जनावरको अधिकारलाई मध्यनजर गरी प्राकृतिक उपाय अवलम्बन गरिने नीति लिईनेछ। साथै सामुदायिक वनसँगको सहकार्यमा बाँदरले नष्ट नगर्ने किसिमका बाली खुर्सानी, अदुवा, बेसार, जौ, टिमुर, कटहर कागती खेतीका लागि प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- वन्यजन्तुको प्रकोपबाट बालानालीलाई संरक्षण गर्न वन्यजन्तुको अधिकारलाई मध्यनजर गरी प्राकृतिक उपाय मार्फत प्रकोप न्यूनीकरण नीति लिईनेछ ।

रमनाथ दनै
अध्यक्ष



CamScanner

- गाउँपालिकाका क्षेत्रभित्रको अति जोखिम पहिचान भएका क्षेत्रमा विपद् तथा जोखिम बारे पूर्व जानकारी प्रणाली स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- मुहान संरक्षण, वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरिनेछ।
- नदी, खोला र अन्य स्थानमा बिषादी हाल्ने करेन्ट लगाउने तथा कानुनले रोकेका कार्यहरुलाई पूर्ण रुपमा रोक लगाउने नीति लिईनेछ। साथै सो कार्य गरेको प्रमाणित भएमा आर्थिक ऐन अनुसार दण्ड/जरिवाना गरिनेछ ।
- वातावरणलाई प्रत्यक्ष असर पार्ने हेभि ईक्यूप्मेन्ट प्रयोगलाई न्यूनीकरण गर्नका लागि मानवीय श्रमबाट गर्न सकिने विकास निर्माणका कार्यहरुमा स्थानीय श्रमको उपयोगलाई प्रोत्साहन गरिनेछ ।

  विपद् व्यवस्थापनको लागि प्रत्येक वडामा Rapid Response Team (RRT) को व्यवस्था मिलाई टिमलाई स्वयम् सेवकको रुपमा परिचालन गर्नको लागि तालिम संचालन गरिएकाले तालिम प्राप्त स्वयम् सेवकहरुलाई परिचालन गर्दै थप पुनर्ताजकी तालिमको आयोजना गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालुवा तथा प्राकृतिक बस्तुको दुरुपयोग नियन्त्रण गरि आवश्यक व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- विपद् जोखिमको नक्सांङ्कन गरि जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्यक्रमलाई सुदृढ बनाइनेछ।

फोहोरमैला व्यवस्थापन नीति

- फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यलाई दिगो तुल्याउन विकास साझेदार संस्थाहरु साथै सेवा प्रदायक संस्थाहरु बीच सार्वजनिक नीजि

साझेदारीको अवधारणा अनुरुप फोहारमैलाको समूचित व्यवस्थापनको नीति लिइनेछ ।

- प्लास्टिक न्यूनीकरणका लागि विशेष अभियान सञ्चालन गरिनेछ। साथै बैकल्पिक जैविक बस्तुहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

प्रदुषण नियन्त्रण नीति

- गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका होटेल, रेष्टुरेन्ट तथा विवाह, महोत्सव समारोह जस्ता ठाँउ वा कार्यक्रमहरुमा प्लाष्टिकजन्य सामग्री न्यूनिकरण गर्दै निषेधको अवस्थामा पुर्याउन स्थानीय रुपमा उत्पादन भएको दुना, टपरी लगायतको बैकल्पिक वस्तुहरुको प्रयोगलाई प्रोत्साहन गरिने नीति लिईनेछ ।
- प्रयोग भैसकेको पानीलाई अनिवार्य रुपमा करेसाबारीमा प्रयोग गर्नुपर्ने नियम ल्याइनेछ । सुधारिएको चुलो प्रयोगमा जोड दिने नीति तयार गरिनेछ ।

वातावरण तथा हरियाली प्रबर्द्धन नीति

- वातावरणमैत्री स्थानीय शासनका सुचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियान सञ्चालन गरी वातावरणमैत्री गाउँ बनाउने कार्यक्रम संचालन गरिनेछ ।
- बृक्षारोपण गरी वातावरण संरक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका परम्परागत रुपमा रहेका बर र पिपलका चौतारीहरु संरक्षण तथा सम्वर्द्धन गर्ने साथै वर, पिपल सहितको नयाँ चौतारो निर्माणको लागि आवश्यक पहल गरिनेछ ।



यामनाथ दनै
अध्यक्ष

CamScanner

- गाउँपालिका क्षेत्रभित्रका बन जंगलमा डढेलो लगाउने कार्यलाइ पूर्णत रोक लगाइने छ साथै डढेलो र यसवाट हुने क्षती सम्वन्धि अभिमुखीकरण तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

जलवायु परिवर्तन अनुकूल नीति

- भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।
- विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन IEE र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन EIA गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।
- पालिकाको विस्तृत भौगर्भिक नक्शांकन तथा प्राकृतिक जोखिम (Hazard mapping) नक्शांकन गरिनेछ ।पालिका भित्रका प्राकृतिक स्रोत तथा खनिज जन्य वस्तुको अध्ययन संरक्षण, जैविक विविधता तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण कार्यक्रम लागू गरिनेछ।

५. सुशासन तथा संस्थागत विकास क्षेत्र

"सुसूचित नागरिक, पारदर्शी शासन, प्रविधिमैत्री सेवा, उत्तरदायी प्रशासन"

- आधुनिक डिजिटलमैत्री सेवा, सुशासनलाई टेवा भन्ने नाराका साथ सेवाप्रवाहलाई डिजिटलाइज्ड गरिनेछ।

...नाथ दनै
अध्यक्ष



CamScanner

- ज्वालामूखीको सान, उत्कृष्ट गाउँपालिका हाम्रो अभियान भन्ने नारालाई अवलम्बन गरि ज्वालामूखीको दिर्घकालीन सोचलाई प्राथमिकतामा राखि उत्कृष्ट गाउँपालिकाको रुपमा पहिचान दिने नीति लिइनेछ ।

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गरि सेवाप्रवाहलाई आधुनिक एवम् व्यवस्थित र सेवाग्राहीमैत्री बनाइनेछ।

- आर्थिक पारदर्शिता र वित्तिय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरुजु नियन्त्रण गर्ने कार्य (नियमित गर्ने, असूल उपर गर्ने समेत) लाई प्राथमिकतामा राखिनेछ।

- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ ।

- गाउँपालिकामा नगर प्रहरी भर्ना गरि विपद् व्यवस्थापन तथा कार्यालय बजार अनुगमन लगायतका कार्यमा कार्यालयबाट आवश्यकतानुसार खटाउने व्यवस्था मिलाइनेछ ।

- सरकारी स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरुको सीमाङ्कन र संरक्षण गरी विवरणलाई अभिलेखिकरण गरिनेछ ।

- *रहरले काम गरौं, हाँसेर सेवा गरौं* भन्ने उक्ति सहित मुस्कानसहितको सेवालाई निरन्तरता गरिनेछ। गाउँपालिकामा कार्यरत स्थायी तथा अन्य सेवाका कर्मचारीहरुको मनोवल उच्च बनाई उत्प्रेरणा प्रदान गर्नका लागि आधारभूत तलवमानमा १० प्रतिशत बृद्धि भएको तलव तथा संघीय निर्देशिका बमोजिम थप १० प्रतिशत प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

- प्रविधिमैत्री सेवा, सुशासनलाई टेवा भन्ने नाराका साथ सेवाप्रवाहलाई डिजिटल बनाइ सुशासन प्रबर्द्धन गरिनेछ।

रामनाथ दर्नै
अध्यक्ष



CamScanner

- गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा जमीन, भवन, सवारी साधन, फर्निचर, मेसिन औजार लगायतका सबै भौतिक सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली )PAMS) मा अभिलेखीकरण गरी व्यवस्थित गरिनेछ ।

- सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यक्रमहरुलाई पहिचान, अध्ययन, विश्लेषण, मूल्यांकन तथा छनोट गरी वातावरणीय दीगोपनाको आधारमा सार्वजनिक नीजि साझेदारी **PPP (PUBLIC PRIVATE PARTNERSHIP)** नीति बमोजिम संचालन गरिनेछ ।

- सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गर्दै टोल विकास संस्था, नागरिक तथा नीति क्षेत्र र गैरसरकारी संघ संस्थाहरुको परिचालनवाट गाउँपालिकाको आर्थिक, सामाजिक र भौतिक विकासमा जोड दिने नीति लिईनेछ ।

- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण आवासीय घरहरुको सम्वन्धित घरधनीको साझेदारीमा घर जोखिम विमा कार्यक्रम संचालन गर्न आवश्यक कानूनी संरचना तयार गरि चालु आ.व. देखी लागु गरिनेछ।

- गाउँपालिकाले निजीक्षेत्रसंग साझेदारी गरी पूर्वाधार तथा अन्य क्षेत्रको विकासका लागि प्रचलित ऐन अनुसार सार्वजनिक, निजी साझेदारी कार्यविधि तयार गरि आवश्यकता अनुसार योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

- आगामी आ व २०८३।८४ को नीति तथा कार्यक्रम सार्वजनिक सेवाको मापदण्ड (SOP) तयार गरी सेवाको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।

या... दनै
अ...

- गाउँपालिकावाट प्रवाह भएका सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरीय बनाउन सेवा प्रदायकको काममा उत्प्रेरणा ल्याइ थप काम प्रति उत्साहित गराउन गाउँपालिकावाट सबै सेवा करारका कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्द गरिएकोमा सो लाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ । स्थायी कर्मचारीहरुलाई मासिक रुपमा खाजा खर्च वापत प्रोत्साहन रकम व्यवस्थापन गरिनेछ ।
- सेवा प्रवाहलाई डिजिटल तथा नागरिकमैत्री बनाइदै एकीकृत घुम्ती सेवा मार्फत् नागरिकको घरदैलोमा सेवा प्रवाहको व्यवस्था मिलाईनेछ।
- योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।
- सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी र परिणाममुखी बनाइनेछ।
- कर्मचारी क्षमता विकास तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गरिनेछ।
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई पूर्ण रुपमा संस्थागत गरिनेछ।
- गाउँपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन गरी कर्मचारीहरुको पदपूर्ती गरी सार्वजनिक सेवालाई चुस्त एवम् सहज र व्यवस्थित बनाईनेछ ।
- स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) लाई थप सुद्धृढ र व्यवस्थित बनाउदै उत्कृष्ट गाउँपालिकाको रुपमा स्थापित गराउने नीति लिइनेछ।

भीमनाथ दनै
अध्यक्ष

- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेहीता र उत्तरदायित्त्व निर्वाह गरि सेवा प्रदान गरिने नीति लिईनेछ।
- गाउँपालिकाको मध्यकालिन खर्च संरचना निर्माण भईसकेकोले वार्षिक विकास योजनसंग Tie-Up गरिनेछ ।
- क्षमता विकास कार्ययोजना निर्माण गरी सरोकारवालाहरुको समय सान्दर्भिक रुपमा क्षमता विकास गरिनेछ ।
- स्थानीय सरकारसँग समन्वय गरी कार्यरत सेवामूलक संघसंस्थाहरुलाई गाउँपालिकामा अनिवार्य आवद्दता गराई नियमन तथा साझेदारीको नीति लिइनेछ ।
- गाउँपालिका भित्र कार्यरत विकास साझेदार संस्थाहरुलाई परियोजना संचालन गर्नका लागि उपर्युक्त सहज वातावरण सिर्जना गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइनेछ । समन्वय, सहकार्य र साझेदारीमा गाउँपालिकाको विविध सवालहरुमा परियोजनाहरु संचालनको अनुकूलता प्रदान गर्ने नीति लिइनेछ ।

आर्थिक वर्ष २०८३/०८४ मा उत्कृष्ट प्रविधियुक्त गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा, कृषि उत्पादन वृद्धि, पर्यटन प्रवर्द्धन, दिगो पूर्वाधार, सफा र स्वच्छ वातावरण तथा सुशासनमार्फत "समृद्ध, स्वस्थ र आत्मनिर्भर ज्वालामूखी" निर्माण गर्ने हाम्रो साझा संकल्प रहेको छ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण गाउँसभा सदस्य, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण ज्वालामूखीवासीको सक्रिय सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।

जय ज्वालामूखी गाउँपालिका।

रामजाय दनै

अध्यक्ष

गाउँपालिकाको दीर्घकालीन सोंचः "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार - समृद्ध ज्वालामूखीको मूल आधार" रहेको छ।

**लक्ष्यः** गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिवृद्धि भई गाउँबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

**उद्देश्यः** गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकास, संस्थागत विकास तथा सेवा प्रवाह, सुशासन, समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।


ज्वालामूखी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

सोँधभञ्ज्याङ, धादिङ

Email: info@jwalamukhimun.gov.np

jwalamukhiruralmun@gmail.com

Website: https://www.jwalamukhimun.gov.np